केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१०/०७४/७५

मिति: २०७४/०८/१४

**इजाजतपत्रप्राप्त "क" वर्गका बाणिज्य बैंकहरु,**

महाशय,

चालू आर्थिक वर्ष २०७४/७५ देखि "क" वर्गका वाणिज्य बैंकहरुले आफ्नो वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिम तयार गर्ने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) वाणिज्य बैंकहरुले वार्षिक वित्तीय विवरण तयार गर्दा NFRS बमोजिम तयार गर्नु पर्नेछ । यस बैंकबाट लाभांश स्वीकृतिको प्रयोजनको लागि यस बैंकको निर्देशन बमोजिम कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) र अन्य व्यवस्थाहरु (Other Provisions) कायम गरी लेखाङ्कन सम्बन्धी अन्य प्रावधान बमोजिम कायम हुने नियमनकारी नाफा/नोक्सान गणना गर्नु पर्नेछ ।

(ख) बैंकले तयार गर्ने NFRS Compliant वित्तीय विवरण बमोजिमको नाफा/नोक्सान र यस बैंकको निर्देशन बमोजिम कायम हुने नियमनकारी नाफा/नोक्सानमा पर्ने फरकको Reconciliation तयार गरी वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीमा खुलाउनु (Disclose) पर्नेछ ।

(ग) बैंकले तयार गरेको NFRS Compliant वित्तीय विवरण तथा नियमनकारी वित्तीय विवरण बीचको देहाय बमोजिमको फरक रकमलाई Statement of Changes in Equity मार्फत सञ्चित मुनाफा (Retained Earning) खाता खर्च गरी नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा गर्नु पर्नेछ ।

(१) पहिलो वर्षको NFRS Compliant वित्तीय विवरण तथा नियमनकारी वित्तीय विवरणको शुरुको मौज्दात बीचको फरक रकम र

(२) पहिलो वर्षको NFRS Compliant वित्तीय विवरण बमोजिमको नाफा/नोक्सान तथा नियमनकारी नाफा/नोक्सानको विभिन्न लेखा शीर्षकहरु जस्तैः कर्जा नोक्सानी व्यवस्था, अन्य व्यवस्था, ब्याज आम्दानी आदि बीच फरक भई NFRS बमोजिमको वित्तीय विवरणको नाफा रकम नियमनकारी नाफा रकम भन्दा बढी भएमा सो बढी रकम ।

(घ) पहिलो आर्थिक वर्ष पश्चात् हरेक वर्षको NFRS बमोजिमको वित्तीय विवरणको नाफा/नोक्सान र नियमनकारी नाफा/नोक्सानमा फरक पर्ने रकमलाई नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा/खर्च गर्नु पर्नेछ ।

(ङ) वाणिज्य बैंकले नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा भएको तथा खर्च भएको रकम सहित कोषमा भएको परिवर्तनको खुलासा (Disclosure) आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा गर्नु पर्नेछ । नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा भएको रकमलाई Capital Adequacy गणनामा समावेश गर्न पाइने छैन ।

(च) NFRS अन्तर्गत Financial Assets, Investment Property जस्ता सम्पत्तिहरु Fair Value मा लेखाङ्कन गर्नु पर्ने व्यवस्था रहेको र Fair Value मा परिवर्तन भएको रकम कतिपय अवस्थामा नाफा नोक्सानमा समावेश नगरी Reserve खडा गरी राख्नु पर्ने भएकोले Fair Value मा लेखाङ्कनको कारणले सिर्जना भएका Reserve हरु Capital Adequacy गणनामा समावेश गर्न पाइने छैन ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(छ) बैंकबाट प्रकाशित हुने आर्थिक वर्ष २०७४/७५ को चौथो त्रैमासिक वित्तीय विवरण नियमनकारी प्रावधान तथा NFRS बमोजिमको दुवै विवरण प्रकाशित गर्नु पर्नेछ । सो पश्चात्को त्रयमासदेखि NFRS बमोजिमको त्रैमासिक विवरण मात्र प्रकाशन गर्नु पर्नेछ । NFRS बमोजिमको त्रैमासिक वित्तीय विवरण प्रकाशित गर्दा NFRS तथा नियमनकारी बमोजिमको नाफा/नोक्सानको कूल रकम र सो बीचको फरक रकम समेत खुलाई (Disclose) प्रकाशन गर्नु पर्नेछ ।

(ज) NFRS बमोजिम तयार हुने वित्तीय विवरण यस बैंकले तोकेको ढाँचामा तयार गर्नु पर्नेछ ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
(१४) श्री नेपाल वित्तीय संस्था संघ ।